# ५. श्री लैनसिंह वाङ्देल

*[संवत् २०३५ सालको 'मदन पुरस्कार' 'घामका पाइलाहरू' भन्ने ग्रन्थको लागि त्यसको रचयिता श्री ध.च. गोतामेलाई समर्पण गर्ने संवत् २०३६ साल आश्विन १० गतेका दिन आयोजित समारोहमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका तत्कालीन कुलपति श्री लैनसिंह वाङ्देलले दिनुभएको प्रवचन। यो प्रवचन नेपाली त्रैमासिक अङ्क ८० बाट उद्धृत गरिएको हो।]*

उपस्थित साहित्यप्रेमी महिला तथा सज्जनवृन्द !

आजको 'मदन पुरस्कार' वितरण समारोहमा मलाई पनि दुई शब्द बोल्ने अवसर दिनुभएकोमा सर्वप्रथम पुरस्कारकी संस्थापिका सम्माननीया रानी जगदम्बा तथा अरू आयोजक महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्छु।

मदन पुरस्कार गुठीको स्थापना भएको एक चौथाइ शताब्दी पुग्न लाग्यो तथा यसको रजत जयन्ती मनाउने बेला पनि हुन लागेको छ। नेपाली भाषा र साहित्यको लागि एक उदार व्यक्तिबाट गरिएको प्रशंसनीय प्रयत्नमा यस संस्थाको महत्त्वपूर्ण स्थान छ भन्न सकिन्छ। आफ्ना दिवंगत स्वजनको सम्झनामा धार्मिक गुठी राख्ने चलन त प्राचीनकालदेखि चलिआएको नेपाली संस्कृतिको अङ्ग नै हो तर साहित्यिक गुठी राख्ने परिकल्पना भने सर्वथा नवीन कुरा हो। यस गुठीको माध्यमबाट नेपाली साहित्य र संस्कृतिको क्षेत्रमा सेवा गर्ने कवि, लेखक र विद्वान्लाई सम्मानित गर्नुहुने सम्माननीया रानीसाहेबप्रति हामी सदैव ऋणी छौं।

देश भन्नु माटो मात्र होइन, मुटु पनि हो। फेरि साहित्य, कला र संस्कृतिको विकासले राष्ट्रको चिन्तन र बौद्धिक परिकल्पनालाई मात्र होइन राष्ट्रको समग्र गरिमालाई नै गौरवमय तुल्याउँछ। यिनको विकासले जनमानसको अभिव्यक्तिलाई प्रदर्शित गर्दछ किनभने ती मुटुका स्पन्दनहरू हुन्। भूभाग वा जनसङ्ख्याको दृष्टिले कुनै राष्ट्र सानो हुँदैमा सानो र ठूलो हुँदैमा ठूलो हुँदैन किनभने त्यस राष्ट्रको महत्ताको मूल्याङ्कन गर्ने कसी ता त्यसका साहित्य, कला र संस्कृति नै हुन्छन्। हिमालको काखमा अवस्थित नेपाल क्षेत्रफलको दृष्टिले सानो होला तर अरू विशाल राष्ट्रहरू भन्दा कला र संस्कृतिको क्षेत्रमा नेपाल अत्यन्त समृद्ध छ। नेपाली भाषा, साहित्य, कला र संस्कृतिको इतिहास पुरानो छ।

विगत वर्षहरूमा नेपाली साहित्य र संस्कृतितर्फ लेखिएका जति पुस्तकहरूले 'मदन पुरस्कार' प्राप्त गरेको देखिन्छ तिनमा नेपाली उपन्यासतर्फ तीन ओटाले मात्र मदन पुरस्कार प्राप्त गर्न सकेका छन्। हामीले नेपाली साहित्यको क्षेत्रमा विहंगम दृष्टि दियौं भने आज गद्यभन्दा पद्यकै बाहुल्य देख्तछौं। प्राकृतिक सौन्दर्यले परिपूर्ण नेपालमा नदी-नाला र पहाड-पर्वतका छटाले सङ्गीतमय र कवितामय वातावरण सृष्टि गरी यहाँको मानिसको हृदयमा प्रकृतिको अमिट छाप लाइदिएको छ। नेपालको प्राकृतिक सौन्दर्य जस्तो मानवीय सौन्दर्य पनि हृदयस्पर्शी भएकोले यहाँ धेरै कविहरू जन्मे। यसरी एकतर्फ नेपाली साहित्यमा पद्य विधाको बाहुल्य देखिन्छ भने अर्कोतर्फ गद्य विधा– त्यसमा पनि उपन्यासको क्षेत्र केही पछाडि नै परेको देखिन्छ। यसबाट सिर्जनात्मक कृतिको होडमा कविहरू नै अगाडि परेका छन् कि जस्तो मलाई लाग्दछ। हुन त उपन्यासको विषयलाई लिएर भन्ने हो भने यहाँ सामाजिक विचित्रता तथा राष्ट्रिय एकताभित्र पाइने अनेक रमाइला र अनौठाका चरित्रहरूको कमी छैन तर तिनको चारित्रिक विषयलाई लिएर जति उपन्यास लेख्न सकिन्थ्यो त्यति भएको छैन। तर भविष्यमा नेपाली उपन्यासको क्षेत्रमा पनि केही प्रतिभाशाली लेखकहरू जन्मेलान् भन्ने आशा छ।

यिनै कुराहरूमाथि विचार गर्दा आजको समारोहमा यस वर्षको 'मदन पुरस्कार' पाउनहुने प्रतिभाशाली उपन्यासकार श्री ध.च. गोतामे विशेष रूपले बधाईका पात्र हुनुहुन्छ। आधुनिक लेखकहरूमा अचेल नयाँ चिन्तन र आयामको निकै प्रभाव परेको देखिन्छ। हाम्रा लेखक र कविहरूमा भर्खरभर्खरै यसकिसिमको प्रवृत्ति आउन लागेको छ र यसले गर्दा नेपाली गद्य र पद्यमा हिजोआज नयाँ-नयाँ मोडहरू देखापर्दै छन्। यस्तै नयाँ विचार र चिन्तनबाट प्रभावित हुनुभएका उपन्यासकार श्री ध.च. गोतामेले साहित्यको नयाँ गोरेटोमा नयाँ घामका पाइलाहरू थपिदिनुभएको छ। वास्तवमा नयाँ प्रयोग र नयाँ मोड नै कला र साहित्यमा विकासका नयाँ गोरेटाहरू हुन्। यसो हुँदा एउटा प्रतिभाशाली लेखकलाई छानेर पुरस्कार प्रदान गर्दा यस क्षेत्रमा काम गर्ने सम्पूर्ण साधक र लेखक वर्गलाई ठूलो हौसला प्राप्त हुन्छ।

नेपाली भाषा, साहित्य, कला र संस्कृतिको सर्वाङ्गीण विकासका लागि नेपाली राजकीय प्रज्ञा-प्रतिष्ठान पनि सक्रिय छ र यस प्रकारको पुनीत समारोहमा सम्मिलित हुन पाउँदा हामीलाई झन् आनन्द लागेको छ। एक व्यक्तिको उदारता, योगदान र त्यसको माध्यमद्वारा राष्ट्रको सेवा गर्ने भावना सबैको निम्ति अनुकरणीय छ। त्यसैले आजको समारोहमा सम्माननीया रानी जगदम्बाबाट नेपाली साहित्यका एक पुजारी श्री ध.च. गोतामेलाई 'मदन पुरस्कार' प्रदान गरिएकोमा समस्त कवि र लेखकवर्ग तथा साहित्यप्रेमी सम्मानित भएको हामी ठान्दछौं।

अन्त्यमा, सम्माननीया रानी जगदम्बा तथा मदन पुरस्कार गुठीका विशिष्ट विद्वान्हरूलाई पुन: धन्यवाद ज्ञापन गर्दै उहाँहरूको प्रयास र योगदानले नेपाली वाङ्मयको विकास हुँदै जानेछ भन्ने आशा व्यक्त गर्न चाहन्छु।

जय देश, जय नरेश !

☒ ☒ ☒